वैठक संख्याः ४८

आज मिति २०७६।१२।०६ गते बिहीवार दिनको १:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | अनुउपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | उपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | अनुउपस्थित |
| १८ | श्री सुजना राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री प्रदिप शाह | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | श्री महेन्द्र खड्का | अधिकृत सातौ | उपस्थित |
| २ | श्री झमक भटराई | अधिकृत छैटौ | उपस्थित |
| ३ | श्री दिनेश खड्का | स.क.अपरेटर | उपस्थित |

**प्रस्तावहरु**

१. कोरोना भाइरस (कोभिड १९) सम्बन्धमा ।
२. औद्योगिक ग्रामको जग्गा सम्बन्धमा ।
३. फोहोरमैला व्यवस्थापनको जग्गा सम्बन्धमा ।
४. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
५. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि सिफारिस
६. स्थानीय तह स्तरिय सेनिटरी प्याड व्यवस्थापन समितिको सदस्य मनोनयन सम्बन्धमा ।
७. खेलाडी सम्मान सम्बन्धमा ।
८. सहारा नेपालसँग जनता आवास कार्यक्रम सम्बन्धमा ।
९. विविध ।
   क.योजना परिवर्तन सम्बन्धमा ।
   ख. अमना शिसौली पर्यटकीय पूर्वाधार ।

**निर्णयहरु**

**निर्णय नं. १:** हाल विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरसको प्रकोप नगर क्षेत्रमा रोकथाम र नियन्त्रणको लागि आम जनताहरुलाई सचेत गराउन प्रचार प्रसार लगायत पूर्व तयारीको लागि वडा नं. १ मा अवस्थित नगरपालिकाको नयाँ भवनमा १५ वेडको आईसोलेशन वार्ड तयार गरि राख्नको लागि स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २:** औद्योगिक ग्राम स्थापनाको लागि जग्गा व्यवस्थापन सम्बन्धमा मालपोत तथा नापी कार्यालयसँग समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** बेलबारी नगरपालिका लगायत अन्तरपालिकाहरु सुन्दरहरैचा न.पा. लेटाङ्ग न.पा. पथरीशनिश्चरे न.पा. केरावारी गा.पा. र कानेपोखरी गा.पा. र लिब्रा टेक्नोलोजी काठमाण्डौ तथा विक फिल्ड ईन्टरनेशनल बेलायत बिच भएको एकिकृत फोहोरमैला व्यवस्थापन सम्बन्धी संझौता बमोजिम प्लान्ट स्थापना गर्न वडा नं. ११ को लक्ष्मी सामुदायिक वन क्षेत्रमा रहेको करीब ३ विघा जग्गा उपलब्ध गराउनको लागि वडा समिति मार्फत अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** बेलबारी बेलवारी नगरपालिका नगर शिक्षा समितिबाट निर्धारित कक्षा ५ र ८ का परीक्षाहरु मध्ये ४ विषयको परीक्षा सम्पन्न भइ सकेको सन्दर्भ माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित COVID-१९ संक्रमण रोगथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६।१२ ।०५ गते बसेको वैठकको निर्णयवाट प्राप्त निर्देशनका आधारमा नगर शिक्षा समितिको मिति २०७६।१२।०६ गतेको वैठकले विद्यालय स्तर र नगर स्तरबाट सञ्चालित सवै परीक्षा अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गर्ने र विद्यालयले गर्ने सवै प्रकारका सामुहिक शैक्षिक कार्य लगायतका सवै खाले विद्यालयीय क्रियाकलाप बन्द गर्ने भनि गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५:** संघीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले प्रकाशित गरेको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा समावेश हुन यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुवाट पेश भएका परियोजना प्रस्तावहरुमध्ये तपसिलका विद्यालयका तपसिल बमोजिमका कार्यक्रम स्वीकृतिका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीलाई सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | विद्यालयको नाम ठेगाना | परियोजनाको नाम | अनुमानित लागत |
|---|---|---|---|
| १ | कबीर माध्यमिक विद्यालय बेलबारी - २, मोरङ | पुरानो जिर्ण अवस्थामा रहेको भवनका २ वटा कक्षाकोठा निर्माण र सम्पन्न | २५०००००।०० |
| २ | लक्ष्मी माध्यमिक विद्यालय बेलबारी - ११, मोरङ | अधुरो रहेको विद्यालयको कक्षाकोठाको निर्माण | २५०००००।०० |
| ३ | काली माध्यमिक विद्यालय वेलवारी - ९, मोरङ | मर्मत संभार तथा कक्षाकोठा र कार्यालय व्यवस्थापन | २५०००००।०० |
| ४ | जनता माध्यमिक विद्यालय बेलबारी - ८, मोरङ | हरित विद्यालय, वातावरणीय सुधार एवं विद्यालय रङ्गरोगन कार्य | २५०००००।०० |
| ५ | महेन्द्र माध्यमिक विद्यालय बेलबारी - १०, मोरङ | विद्यालयमा इन्टरनेट सुविधाको विस्तार/Smart Board सुविधाको व्यवस्थापन | २५०००००।०० |
| ६ | भगवती माध्यमिक विद्यालय बेलबारी - ३, मोरङ | खेलमैदान मर्मत सम्भार र सुदृढीकरण तथा खेल सामग्री व्यवस्थापन | २५०००००।०० |
| ७ | जनता माध्यमिक विद्यालय बेलबारी - १, मोरङ | अधुरो ४ कोठे भवनको निर्माण कार्य सम्पन्न गर्ने | २५०००००।०० |
| ८ | जनता माध्यमिक विद्यालय बेलबारी - ९, मोरङ | विद्यालयमा पर्याप्त पानीको सुविधा सहितको शौचालय र छात्राका लागि चेन्जिङ रुम सहितको छुट्टै शौचालय | २५०००००।०० |
| ९ | धीरनाथ सम्फूल विश्वास माध्यमिक विद्यालय बेलबारी - १०, मोरङ | लामो समयदेखि अधुरो रहेको भवननिर्माण | २५०००००।०० |
| १० | धनपाल माध्यमिक विद्यालय बेलबारी - ५, मोरङ | विगत लामो समय देखि अधुरो रहेको विद्यालय भवन निर्माण सम्पन्न गर्ने | २५०००००।०० |
| ११ | कसेनी माध्यमिक विद्यालय बेलबारी - ४, मोरङ । | हरित विद्यालय, वातावरणीय सुधार एवं विद्यालय रङ्गरोगन कार्य परियोजना | २५९१७६९।०० |
| | जम्मा | | २७५९१७६९।०० |

**निर्णय नं. ६:** नेपाल सरकारले जारी गरेको सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दफा १४ को स्थानीय तह स्तरिय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा खण्ड (ख), (ग) र (ङ) को प्रयोजनको लागि क्रमशः कार्यापालिका सदस्य श्री खिनामाया थापा, स्वास्थ्य शाखाका हे.अ. श्री सन्तोष विश्वकर्मा र शिक्षा शाखाको अधिकृत सातौ श्री ऐलिना बस्नेतलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** सुनवर्षि नगरपालिकाले आयोजना गरेको अन्तरपालिका मेयर कप फुटवल प्रतियोगितामा यस नगरपालिकाको फुटवल टिमले पहिलो स्थान हासिल गरेको हुदाँ उक्त टिमका व्यवस्थापक र खेलाडी लगायत २० जनालाई नगद रु.५०००।०० सहित सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** यस नगरका विपन्न घरवार विहिन परिवारको लागि आवास निर्माण गरि राहत सहयोग पुर्याउन जनता आवास कार्यक्रम संचालन गर्न सहारा नेपालसँग साझेदारी गर्ने निर्णय गरियो।

विविध

क. वडा नं. १० को मिति २०७६।१२।०५ को सिफारिस अनुसार चालु आ.व.को ब.शि.नं. २५९ को बालक्लब संजाल कार्यक्रम रु. ४००००।०० लाई विद्यालय बालकक्षा सहयोगी कार्यकर्ता क्षमता विकास कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।

**ख.** बेलबारी वडा नं. १ मा अवस्थित अमना शिसौली पर्यटकीय पूर्वाधार विकासको क्रमागत योजना आगामी आ.व.मा समेत संचालनको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ मा अनुरोध गर्ने निर्णय गरियो ।